**बुढानीलकण्ठ नगरपालिका**

**साझेदारीमा दूध सङ्कलन केन्द्र सञ्चालन कार्यविधि, २०८०**

# स्थानीय राजपत्र

खण्ड : ६ सङ्ख्या : १९ मिति : २०८०।१२।३०

भाग-२

**साझेदारीमा दूध सङ्कलन केन्द्र सञ्चालन कार्यविधि, २०८०**

प्रस्तावना : पशु पालन व्यावसायलाई व्यवस्थित व्यावसायिक र आधुनिकीकरण बनाउँदै दूध उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको जीवनस्तर सुधार गर्न आवश्यक देखिन्छ । उत्पादित दूध स्वच्छ , स्वस्थ्य एवं गुणस्तरीय तवरले उपभोक्तासमक्ष उपलब्ध गराउन र दूध संकलन , भण्डारण तथा बजारीकरण कार्य सरल , सहज ,प्रभाबकारी एंव व्यवस्थित रूपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिमको अधिकार प्रयोग गरी बुढानीलकण्ठ नगरपालिकाले **साझेदारीमा दूध सङ्कलन केन्द्र ( चिलिङ भ्याट सहितको ) स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०** बनाई लागू गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क .यस कार्यविधिको नाम “**साझेदारीमा दूध संकलन केन्द्र स्थापना** (चिलिङ भ्याट सहित ) कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०८० रहने छ ।

ख. यो कार्यक्रम स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषा : विषय वा वा प्रसङ्गले अर्को अर्थ नलागेमा** :

क . आवेदक भन्नाले साझेदारीमा दूध संकलन केन्द्र (चिलिङ भ्याट सहित ) स्थापना गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना सहित आवेदन पेश गर्ने निजी क्षेत्र/समूह /सहकारी संस्था /स्थानीय तहलाई सम्झनु पर्छ ।

ख. कार्यक्रम भन्नाले साझेदारीमा दूध संकलन केन्द्र स्थापना कार्यक्रम (चिलिङ भ्याट सहित) सम्बन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनुपर्छ ।

ग. नगरपालिका भन्नाले बुढानीलकण्ठ नगरपालिका सम्झनुपर्छ ।

घ. कार्यालय भन्नाले नगर पशु सेवा शाखा बुढानीलकण्ठ सम्झनुपर्छ ।

ङ .दूध संकलन केन्द्र भन्नाले कृषकहरुबाट संकलित दूधलाई  उचित तापकम कायम राखी सुव्यावस्थित अवस्थामा संकलन गरी राख्न प्रयोग गरिने भवनलाई सम्झनुपर्छ ।

च . निजी क्षेत्र भन्नाले व्यावसायिक रुपमा दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्देश्यले नियमाअनुसार सम्बन्धीत निकायमा दर्ता भई प्रस्ताव पेश गर्ने कृषि फर्मलाई सम्झनुपर्छ ।

छ .समूह,सहकारी संस्था भन्नाले पशु पालक कृषकहरुको समूह वा संस्था व्यावसायिक रूपमा दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्देश्यले नियमाअनुसार सम्बन्धीत निकायमा दर्ता भई प्रस्ताव पेश गर्ने समूह वा संस्था सम्झनुपर्छ ।

## परिच्छेद-२

**३. कार्यबिधिको उदेश्य :**

क . दूधको गुणस्तर कायम राख्न ।

ख .बुढानीलकण्ठ नगरपालिका क्षेत्रमम दूधको संकलन , भण्डारण तथा बजारीकरणलाई व्यवस्थित गर्न ।

ग . उपभोक्ता समक्ष स्वच्छ , स्वस्थ एंव गुणस्तरीय दूध उपलब्ध गराउन ।

घ. पशु पालक व्यावसायीहरूको समयको बचत गर्न  ।

## परिच्छेद - ३

संस्थागत व्यवस्था

**४. मूल्याङ्कन समिति** : प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि बुढाानीलकण्ठ नगरकार्यपालिकामा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| नगर उप प्रमुख | संयोजक |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक प्रशासन महाशाखा प्रमुख | सदस्य |
| प्रमुख पशु सेवा शाखा प्रमुख | सदस्य सचिव |

समितिले आवश्यक ठानेमा बढिमा २  जना विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन , मूल्याङकन समिति आवश्यकता अनुसार गर्नेछ ।

## परिच्छेद - ३

## अनुदान विवरण

**५. कार्यक्रम संचालनः** कार्यक्रम निजी क्षेत्र/सहकारी संस्थाको , समूहको लागत साझेदारीमा बुढानीलकण्ठ नगरपालिकाको सम्बन्धित वडामा सञ्चालन गरिनेछ ।

अनुदान रकम उपलब्ध हुने विवरण निम्नअनुसार रहेको छ ।

| **क. स.** | **कार्यक्रम विवरण** | **कार्यक्रम सञ्चालन हुने स्थान** | **ईकाई** | **अनुदान** | **कैफियत** |
|---|---|---|---|---|---|
| | दूध संकलन केन्द्र स्थापना ५००-१००० लि.क्षामताको चिलिङ भ्याट खरिद , | बुढानीलकण्ठ नगरपालिका सेन्टर पर्ने वडा | | स्वीकृत कार्यक्रमको अधिनमा रही कुल लागतको ५० प्रतिशत | चिलिङ भ्याटको स्पेसिफिकेशन पशु सेवा शाखाले गर्नेछ । |
| | चिलिङ भ्याट सञ्चालन गर्न आवश्यक औद्योगिक मिटर जडान र जेनेरेटर खरिद ) | ,, | | ,, | ,, |

**६ प्रस्ताव आह्वान** : बुढानीलकण्ठ नगरपालिकाले यस कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकलाई लक्षित गरी प्रस्ताव पेश गर्न नगरपालिकाको पेजमा १५ दिनको म्याद राखी अनुसूचि - १ बमोजिम सूचना प्रकाशन गर्नेछ। माग अनुसारको प्रस्ताव नपरेमा बुढानीलकण्ठ नगरपालिकाले पुनः प्रस्ताव आह्वान गर्न सक्नेछ ।

**७. प्रस्ताव दर्ता** : कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले अनुसूची -२ बमोजिम आवेदन पत्र , अनुसूची -३ बमोजिमको प्रतिवदता पत्र , अनुसुची -४ बमोजिमको व्यवसायिक कार्ययोजना र सूचनामा माग गरिएका कागजातहरु पशु सेवा शाखा बुढानिलकण्ठमा दर्ता गर्नुपर्नेछ ।

**८. प्रस्ताव संकलन** : पशु सेवा शाखा बुढानीलकण्ठले दर्ता हुन आएका प्रस्तावहरु संकलन गरी दर्ता गर्नु पर्नेछ ।

**९. आवेदकको छनौट** : छनौटको प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) मूल्याङ्कन समितिले अनुसूची ५ बमोजिमको मापदण्डका आधारमा निजी क्षेत्र/समूह समिति / सहकारीको प्रस्तावना छनौट तथा स्वीकृत गरी पेश गर्नुपर्नेछ ।

**१०.प्रस्तावकलाई जानकारी** : छनौट भएको आवेदक संस्थालाई नगरपालिकाले निर्णय भएको मितिले सात दिन भित्र जानकारी दिनुपर्नेछ ।

**११. सम्झौता** : (क) प्रस्ताव स्वीकृत भएका आवेदक संस्थाले जानकारी प्राप्त गरेको १५ दिन भित्र अनुसूची -६ बमोजिम सम्झौता गर्नु पर्नेछ ।

(ख) सम्झौता पश्चात साझेदारले अग्रिम रुपमा बुढानीलकण्ठ नगरपालिकाको बैंक खातामा लागत साझेदारी बापतको रकम जम्मा गर्नु पर्नेछ ।

## परिच्छेद-५

## मापदण्ड

१३. साझेदार संस्थाले पालन गर्नुपर्ने विषयहरु : (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम गर्दा देहाय बमोजिमको मापदण्ड पूरा गरेको हुनु पर्नेछ ।

(क) पचास प्रतिशत लागत साझेदारीमा चिलिङ भ्याट सहितको दूध संकलन केन्द्र स्थापना गर्न साझेदार संस्था प्रतिवद्ध हुन पर्नेछ।

(ख) सहकारी, समूहलाई प्राथमिकता दिईनेछ । सो नभए निजी लगानिकर्ता तथा निजी जग्गा वा भवन कम्तीमा ५ वर्षको लागि भाडामा करारनामा हुनु पर्नेछ ।

(ग) पूर्वाधार ( बाटो , पानी , बिजुलीको समुचित व्यावस्था भएको ) , व्यावसायको सम्भाव्यता , कच्चा दूधको उपलव्धता (कम्तिमा दैनिक १००० लि. दूध संकलन हुनपर्ने ) आदिको अध्ययन गरि प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ ।

(घ) दूध संकलन केन्द्रमा कम्तिमा दूध संकलन काउन्टर, दूध चिस्यान कक्ष ( कम्तिमा ५००-१००० लि. क्षमताको चिलिङ भ्याट अट्ने )

ङ) दूध संकलन केन्द्र स्थपना गर्दा कृषकलाई पायक पर्ने स्थान, बाह्रै महिना सवारी साधन चल्न सक्ने सडकको व्यावस्था भएको र खान योग्य पानी पर्याप्त मात्रामा उपलब्ध भएको हुनुपर्नेछ ।

च) साझेदार संस्थाले दूध संकलन केन्द्र स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन नियम पालना गरेको हुनु पर्नेछ ।

छ) साझेदारले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको वा अनुदान दुरुपयोग गरेमा वा यन्त्र उपकरणहरुको दुरुपयोग गरेमा त्यस्ता साझेदारलाई स्थानीय सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र २ वर्षसम्म स्थानीय सरकारबाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४. प्रगति प्रतिवेदन : साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन बुढानीलकण्ठ नगरपालिकाको पशु सेवा शाखामा पठाउनु पर्नेछ ।

१५. संसोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आईपरे बुढानीलकण्ठ नगरपावलकाले आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

१६.प्रचलित कानुन बमोजिम हुनेछ : यस कार्यविधिमा उल्लेख भएका बुँदाहरु प्रचलित कानुनसँग बाझिएमा प्रचलित कानुन बमोजिम नै हुनेछ ।

अनुसूचि -१

दफा ६ सँग सम्बन्धित

पत्र संख्याः
चलानी न.                                                                                                  मितिः

**पशु सेवा शाखाको कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना ।**
**( प्रथम पटक प्रकाशित मितिः )**

बुढानीलकण्ठ नगरपालिका नगरकार्यपालिकाको कार्यालय आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले बुढानीलकण्ठ नगरपालिका भित्र रहेका दूध उत्पादक निजी पशुपालक फार्म/समूह/ सहकारी संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस बुढानीलकण्ठ नगरपालिकको पशु सेवा शाखामा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।
तपसिल कार्यक्रम

| **क.स.** | **कार्यक्रम** | **सञ्चालन गरिने क्रियाकलाप** | **परिमाण** | **कैफियत** |
|---|---|---|---|---|
| १ | दूध संकलन केन्द्र स्थापना कार्यक्रम | ५० प्रतिशत साझेदारीमा दूध संकलन केन्द्र ( चिलिङ भ्याट सहितको) | १ | |

आवश्यक कागजातहरु

१.पशु सेवा शाखाले तोकेको ढाँचाको निवेदन ,
२) आवेदन साथ निजी फार्म / समूह/सहकारी संस्था सञ्चालक सामतिको बैठकले साझेदारीमा दूध संकलन केन्द्र (चिलिङ भ्याट सहित ) स्थापना गर्न गरेको निर्णय प्रतिलिपि
(३) अनुसूचि -२ बमोजिमको आवेदन पत्र
(४) अनुसूचि -३ बमोजिमको प्रतिबद्धता पत्र
(५) अनुसूचि -४ बमोजिमको व्यवसायीकरण कार्ययोजना
(६) कार्यक्रम कार्यान्वयन स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रमाणित प्रतिलिपि ,
(७) भाडामा लिएको जग्गाको हकमा कम्तिमा ५ वर्षको कारानामा वा सम्झौता गरिएको पत्र,
(८) निजी क्षेत्र/सहकारी संस्था दर्ता प्रमाणित प्रतिलिपि ,
(९) स्थायी लेखा नम्बर दर्ता प्रमाणित प्रतिलिपि ,
(१०) गत आ. व.को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी
(११) प्रस्तावित साझेदारीमा दूध संकलन केन्द्र ( चिलिङ भ्याट सहित ) स्थापना गर्न अन्य निकायबाट अनुदान लिए/ नलिएको प्रमाणित गर्ने कागजात ,
(१२) प्रस्ताव अनुसारको डिजाईन ।
(१३ सम्बन्धित वडाको सिफारिस ।

(१३) प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार ,प्रदेश सरकार , स्थानीय तह अन्य संघ संस्थाबाट सोही कामको लागि सहयोग लिए नलिएको स्वघोषणापत्र पेश गर्नु पर्नेछ ।

अनुसूचि -२

( दफा ७ सँग सम्बन्धित )

आवेदन पत्र मिति :

श्रीमान् प्रमुखज्यू,

बुढानीलकण्ठ नगरपालिका हात्तिगौंडा,

बागमती प्रदेश , काठमाण्डौं ।

मार्फत,

श्री पशु सेवा शाखा चपली , घुम्ती

काठमाडौं ।

विषय : प्रस्ताव पेश गरिएको बारे ।

महोदय,

तहाँ बुढानीलकण्ठ नगरपालिका , नगर कार्यापालिकाको कार्यालय हात्तिगौंडाबाट मिति :.. गते महिना प्रकाशित निजी फार्म /समूह/ सहकारी संस्थाहरु सँगको पचास प्रतिशत लागत साझेदारीमा दूध संकलन केन्द्र (चिलिङ भ्याट सहित) स्थापना सम्बन्धी प्रस्ताव आह्वान गरे अनुसारको कार्यक्रममा साझेदारी गर्न ईच्छुक भई अनुसूची-३ अनुसारको कागजात यसैसाथ संलग्न गरी आवश्यक कारबाहीको लागि आवेदन पेश गरिएको व्यहोरा अनुरोध छ ।

आवेदक

दस्ताखत :

मिति :

नाम थर :

पद :

संस्थाको छाप :

अनुसूचि -३

( दफा ८ सँग सम्बन्धित)

प्रतिबद्धता-पत्र

श्रीमान् प्रमुखज्यू,

बुढानीलकण्ठ नगरपालिका हात्तिगौँडा,

बागमती प्रदेश , काठमाण्डौँ ।

मार्फत,

श्री पशु सेवा शाखा चपली , घुम्ती

काठमाडौं ।

विषय : लागत साझेदारी गर्ने प्रतिवद्धता सम्बन्धमा ।

महोदय,

तहाँ बुढानीलकण्ठ नगरपालिका , नगर कार्यापालिकाको कार्यालय हात्तिगौँडाबाट मिति :.. गते निजी फार्म/ समूह /सहकारी संस्था संगको लागत साझेदारीमा दूध संकलन केन्द्र ( चिलिङ भ्याट सहित) स्थापना सम्बन्धी प्रस्ताव आह्वान गरिए अनुसार हाम्रो निजी क्षेत्र / सहकारी संस्थाले कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावित कुल लागत रु ....... को पचास प्रतिशतले हुन आउने रकम रु.............. मध्ये अन्य निकायबाट रु........... अनुदान प्राप्त हुने भएकोले नपुग रकम रु ........ (अक्षरुपी रु .....................मात्र । ) हाम्रो संस्थाकै आन्तरिक श्रोतबाट व्यहोर्ने निजी फार्म /समूह/सहकारी संस्था सञ्चालक समितिको निर्णय भएको हुँदा लागत साझेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दछु/ गर्दछौं ।

जिम्मेवार पदाधिकारीको

हस्ताक्षर :

मिति :

नामथर

पद :

संस्थाको छाप :

अनुसूचि-४

( दफा ९ सँग सम्बन्धित )

व्यावसायिक कार्ययोजना

| | |
|---|---|
| १ | प्रस्तावित कार्यक्रमको नाम : |
| २ | कार्यक्रम कार्यान्वयन हुने स्थानको ठेगाना |
| ३ | आवेदकको नाम : |
| ४ | ठेगाना : |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं./मोबाईल नं. |
| ६ | आवेदक संस्थाको दर्ता नं. |
| ७ | दर्ता भएको निकाय र दर्ता मिति : |
| ८ | आवेदक संस्था (दर्ता वा स्थापना पश्चातको अवधि वर्षमा ) |
| ९ | स्थायी लेखा नम्बर दर्ता : |
| १० | दूध संकलन परिमाण (लि) वितरण (दैनिक) : |
| ११ | संकलन केन्द्र स्थापना गरिने स्थलको कूल क्षेत्रफल : |
| १२ | प्रस्तावित कार्यक्रमको अनुमानित लागत रु. |
| १३ | आवेदकले आफ्नै श्रोतबाट व्यहोर्ने रकम रु. |
| १४ | बुढानीलकण्ठ नगरपालिकासँग माग गरेको रकम रु. |
| १५ | प्रस्तावित कार्यक्रमको उद्धेश्य : |
| १६ | आर्थिक प्रस्ताव |
| १७ | समय तालिका |

उल्लेखित सम्पूर्ण विवरणहरु सही रुपमा पेश गरेको छु/छौं । कही कतै झुटो ठहरेमा कानुन बोजिम सजाय भोग्न तयार रहेको व्यहोरा समेत अवगत गराउँदछु/छौं ।

जिम्मेवार पदाधिकारीको :

नाम

पद

हस्ताक्षर :

मिति :

साझेदार संस्थाको छाप :

अनुसचि- ५

दफा १० को खण्ड (क) सँग सम्बन्धित )

<u>मूल्याङ्कन फारम</u>

:

१. आवेदक संस्थाको नाम:

२. कार्यक्रम सञ्चालन स्थलको ठेगाना :

३. प्रस्तावित कार्यक्रमको नाम :

४. स्थलगत अनुगमन :

५. मूल्याङ्कनका आधारहरु :

| क.स. | विवरण | भार | प्रप्ताङ्क |
|---|---|---|---|
| १ | **कार्यक्रम कार्यान्वयन स्थलको भौतिक पूर्वाधारको अवस्था** | **१०** | |
| १.१ | सडक सुविधा भएको | ४ | |
| १.२ | बिजुली सुबिधा भएको | ३ | |
| १.३ | पानीको सुबिधा भएको | ३ | |
| **२** | **समूह ,सहकारी ,निजी फार्म** | **१०** | |
| २.१ | समूह | ८ | |
| २.२ | सहकारी | ९ | |
| २.३ | निजी फार्म | ७ | |
| **३** | **भवन वा जग्गाको क्षेत्रफल** | **१०** | |
| ३.१ | ४ आना | ७ | |
| ३.२ | ४ आना भन्दा बढि | ९ | |
| **४** | **दैनिक दूध संकलन परिमाण** | **१०** | |
| ४.१ | दैनक ५०० लिटर | ३ | |
| ४.२ | ५०० देखि १००० लिटर | ५ | |
| ४.३ | दैनिक १००० देखि २००० लि. सम्म | ७ | |
| ४.४ | दैनिक २००० लि. भन्दा माथि | ९ | |
| **५** | **वित्तिय क्षमता (साजेदारीको प्रतिवद्धता सामेल भएको/नभएको)** | **१०** | |
| **६** | **रोजगारीको अवस्था** | **१०** | |
| ६.१ | कम्तीमा ३ जना | ७ | |
| ६.२ | ३ जना भन्दा माथि | ९ | |
| **७** | **दूध उत्पादक/पशुपालक कृषक संख्या** | **१०** | |
| ७.१ | ५० भन्दा माथि | ९ | |
| ७.२ | २५–५० सम्म | ७ | |
| ७.३ | २५ भन्दा कम | ५ | |
| **८** | **प्रस्तावको लागत साझेदारी** | **१५** | |
| ८.१ | कूल लागतको ५०% | १० | |
| ८.२ | कुल लागतको ५०% भन्दा माथि | १४ | |
| **९** | **वातावरणीय उपयुक्त** | **१०** | |
| ७.१ | उत्तम | ९ | |

| | | | |
|---|---|---|---|
| ७.२ | सामान्य | ७ | |
| **१०** | **विगत (३ वर्ष) मा अनुदान लिएको / नलिएको** | **५** | |
| ८.१ | लिएको | ३ | |
| ८.२ | नलिएको | ४ | |

नोटः मूल्याङ्कनको क्रममा न्यूनतम ५० अङ्क भन्दा बढी अङ्क प्राप्त गरेको आवेदकलाई मात्र छनौटको लागि सिफारिस गरिनेछ ,

स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरु :

(क)

(ख)

७. स्थलगत अनुगममा टोलीको राय :

| क.स. | पद | नामथर | राय | | | दस्ताखत |
|---|---|---|---|---|---|---|
| | | | हुन्छ | सुझाव सहित हुन्छ | हुदैन | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |

नोट : हुन्छ/ सुझाव सहित हुन्छ/ हुँदैन भन्ने कारण दिनु पर्नेछ । कारणहरु :

१.

२.

अनुसूचि-६

(दफा ११ को उपदफा (क) सँग सम्बन्धित )

<u>द्विपक्षिय सम्झौता-पत्र</u>

बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत नीजि क्षेत्र सहकारी संस्थासँगको पचास प्रतिशत लागत साझेदारीमा दूध संकलन केन्द्र ( चिलिङ भ्याट सहित ) स्थापना सम्बन्धी मिति .... गतेको प्रकाशित सूचना अनुसार पेश हुन आएका प्रस्तावहरु मध्ये श्री ............................. को प्रस्ताव छनौट भएको हुँदा बुढानीलकण्ठ नगरपालिका ( यसपछि प्रथम पक्ष भनिने ) र श्री ................ .......( यस पछि दोस्रो पक्ष भनिने ) बीच तपसिल अनुसारका सर्तहरु पालना गर्ने गरी साझेदारीमा दूध संकलन केन्द्र( चिलिङ भ्याट सहित ) स्थापनाका लागि द्वि-पक्षिय सम्झौता गरी बुझिलियौं/दियौं ।

१. दोस्रो पक्षले आफ्नो तर्फको लगानिबाट सम्पन्न भएको कामको नियमानुसारको भ्याट/प्यान विल , दाखिला प्रतिवेदन, कार्य सम्पन्न प्रतिवेदन र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनका आधारमा मनासिव ठहरेमा अनुदान रकमको भुक्तानी प्रथम पक्षले बैंक खाता मार्फत गर्नेछ ।
२. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव-पत्र अनुसारको डिजाईन , ईष्टिमेट, र सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समयभित्र सम्पन्न गर्नेछ ।
३. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईस्टिमेट, खरिद, ढुवानी , संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।
४. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन /निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको हेर्न आवश्यक सल्लाहा/सुझाव दिन सक्नेछ ।
५. दोस्रो पक्षले कार्यक्रम संचालन स्थलमा अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड सबैले देख्ने गरी राख्नु पर्नेछ ।
६. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार , व्यावस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।
७. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चैमासिक प्रगति प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।
८.बिकी वितरणको सम्पूर्ण जिम्मा दोसो पक्षले लिनु पर्ने छ ।
९. कार्यक्रम सञ्चालनका दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नुपरेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।
१०. सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

दोस्रो पक्षको तर्फबाट प्रथम पक्षको तर्फबाट

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षरः |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | कार्यालय : |
| संस्थाको छाप : | कार्यलयको छापः |

रोहवर

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षरः |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्था : | कार्यालय : |
| संस्थाको छाप : | कार्यालयको छापः |

इति सम्वत् ......... साल ........ महिना ......... गते रोज ............ शुभम् ।

**प्रमाणिकरण मितिः२०८०।१२।३०**

**आज्ञाले,**
**तुल्सीराम अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**